# बन्दिपुर गाउँपालिका
**Bandipur Rural Municipality**
# गाउँ कार्यपालिकाको कार्यालय
**Office of Rural Municipal Executive**
बन्दिपुर, तनहुँ
Bandipur, Tanahun

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, N


प.सं. (Ref. No.):- ०७७/७८
च.नं. (Des. No.):- १८८६

मिति (Date):-२०७७/१२/०४

बन्दीपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दीपुर,तनहुँ

## करार सेवामा कर्मचारि पदपुर्ति सम्बन्धी सुचना

विज्ञापन नः ०४।२०७७।०७८
(प्रथम पटक प्रकाशित मिति २०७७।१२।४ )

बन्दीपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अन्तरगत संचालनमा रहेको बन्दिपुर अस्पतालमा कार्य गर्न स्वास्थ्यकर्मीहरुको आबश्यकता रहेकोले देहायको पद र संख्यामा करार-सेवामा पद-पूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सुचना प्रकाशितं भएको मितिले १५ दिन भित्र तोकिए बमोजिम नेपाली नागरिकताको प्रमाण-पत्र र शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी तथा राजश्व दाखीला गरेको बैक भौचर सक्कल प्रति संलग्न गरी दरखास्त फाराम पेश गर्नुहुन अनुरोध गरिन्छ।
बिस्तृत बिबरणको लागी गाउँपालिकाको वेभ-साइट www.bandipurmun.gov.np मा हेर्न सकिने व्यहोरा समेत अनुरोध छ।

| क.स. | बिबरण (पद) | शैक्षिक योग्यता | आबश्यक संख्या |
|---|---|---|---|
| १ | ऐनेस्थेसीया सहायक(स.पा चौं) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाण-पत्र तह Anesthesia Assistant (कम्तिमा १ बर्षको तालिम लिएको हुनुपर्ने)। | १ |
| २ | ओ.टि.स्टाफ नर्स(स.पाचौं) | मान्यताप्राप्त शैक्षिक संस्थाबाट स्टाफ नर्स कोर्ष उतिर्ण गरी OT management training लिएको हुनुपर्ने। | १ |
| ३ | कार्यालय सहयोगी(श्रेणी बिहीन)। | आठ कक्षा उर्तिण। | १ |

**दरखास्त फाराम र परिक्षा संचालन तथा छनौट सम्बन्धी कार्यबिधि र कार्य-प्रक्रियाः**

१) नेपाली नागरिक हुनुपर्ने।
२) तोकिए बमोजिम न्युनतम शैक्षिक योग्यता पुरा भएको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्ने।
३) कामको अनुभव खुल्ने कागजात पेश गर्नुपर्ने।
४) अन्य प्रचलित कानुन द्वारा अयोग्य नठहरिएको।
५) १८ बर्ष पुरा भई ४० वर्ष ननाघेको।
६) **दरखास्त फारम दस्तुरः**सहायक पाँचौको हकमा रु, ४०० ।-(चार सय मात्र) र कार्यालय सहयोगी को हकमा रु. १०० मात्र। एन आई सी एसीया बैक लिमिटेड,डुम्रे शाखामा रहेको स्थानिय तह सन्चित कोष बन्दिपुर गाउँपालिकाको खाता न. १४६२०५००२६९१२०११ मा जम्मा गरी सोको सक्कलै भौचर सलग्न हुनु पर्नेछ ।

७) **दरखास्त दिने अन्तीम मिति** :२०७७।१२।१८ गते कार्यालय समय भित्र ।(१० देखी ५ बजे सम्म) यदि अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र ।

८) सेवा सुबिधा तथा पारीश्रमिकः सम्बन्धित पद/तहको लागी नेपाल सरकारले तोकेबमोजिमको शुरु तलब स्केल हुनेछ ।

९) **छनौट सम्बन्धी ब्यबस्था** : बन्दिपुर गाउँपालिकाबाट बन्दीपुर राजपत्रमा प्रकाशित करारमा जनशक्ती ब्यबस्थापन सम्बन्धी कार्यविधीमा उल्लेख भएअनुसारको कार्य-प्रक्रीयाको अबलम्बन गरिनेछ।

१०) **करार अवधीः**-२०७७आषाढ मशान्त सम्म।

११) प्रचलित कानुनको अधिनमा रही गाउँपालिका कार्यालयको हितमा हुने गरि पदपुर्ति सम्बन्धी/बिज्ञापनमा उल्लेखित बिबरणमा आवश्यक्ता अनुसार थप घट र संसोधन गर्ने तथा छनौट सम्बन्धी कार्य-प्रक्रीया सहित को अन्तिम अधिकार बन्दीपुर गाउँपालिकामा निहित हुनेछ।

१२) उम्मेद्वारले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, सम्बन्धित काउन्सिलमा दर्ता भई नबिकरण भएको प्रमाणित प्रतिलिपि तथा पासपोर्ट साईजको फोटो-३ प्रति पेश गर्नुपर्नेछ। साथै दरखास्त साथ पेश गरिएका सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ।

१३) **परिक्षाको किसिम : बन्दीपुर गाउँपालिकाबाट पारित करारमा जनशक्ती ब्यबस्थापन सम्बन्धी कार्यबिधीमा उल्लेख भए अनुसार प्रारम्भीक योग्यताको सुचिकरण प्रक्रिया, अन्तरवार्ता र प्रयोगात्मक परीक्षा सञ्चालन गरी उम्मेद्वार छनौट गरिनेछ।**

१४) दरखास्त फारम पेश गर्नको लागि उम्मेद्वार स्वयम अनिवार्य रुपमा कार्यालयमा उपस्थित भई आफनो दस्तखत बाट फारम बुझाउनु पर्नेछ।

१५) दरखास्त फारम पाईने स्थानः बन्दीपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अन्तरगत स्वास्थ्य शाखा।

१६) सम्पर्क मिति : सुचना प्रकाशन भएको मितिले सोहौं दिन (दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिको भोलीपल्ट)

१७) थप जानकारिको लागी सम्पर्क न. ९८५६०६७८१७ वा ९८४६४७१८९३ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश,नेपाल
२०७३

महेश सुबेदी
प्रमुख प्रशासकिय अधिकृत

**महेश सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**